"कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

## टोखा नगरपालिका
### मैजुहिटी, काठमाडौं

२०८२ असार ५ गते
ने.सं. ११४५ तछलागा, अष्टमी, विहीवार

**नगरपालिकाका उपप्रमुख,**
**प्रमुख प्रशासकीय अधिकृत,**
**नगरसभा सदस्यहरू,**

१. टोखा नगरपालिकाको नगरसभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा यहाँहरूलाई हार्दिक स्वागत गर्दछु ।

२. यस गरिमामय सभासमक्ष टोखा नगरपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

३. इतिहासको विभिन्न कालखण्डमा राष्ट्र निर्माणको लागि योगदान गर्नु हुने सबै प्रति आभार तथा सम्मान प्रकट गर्दछु ।

४. दीगो पूर्वाधार निर्माण, उद्यमशिलता बिकास, आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पछी परेका बर्गको सशक्तिकरण र बिकास, हरित नगर निर्माण, सूचना प्रविधिको बिकास, जवाफदेहीता प्रवर्द्धन र शासकीय साझेदार वीचको समन्वय मार्फत सुशासन प्रस्तुत नीति तथा कार्यक्रममा मुख्य प्राथमिकता रहेका छन् ।

५. नगरपालिकामा हाल सम्म भएका उपलब्धीहरुलाई संस्थागत गर्दै आगामी दिनमा थप सुधारका कार्य मार्फत टोखा नगरपालिकालाई समुन्नतीको दिशा तर्फ लैजाने प्रण गर्दछु ।

६. टोखा नगरपालिकाको विकास र समृद्धिको यात्रामा हाल सम्म महत्वपूर्ण उपलब्धीहरु हासिल गरेका छौं ।

७. हाट बजार स्थापना, कोसेली घर निर्माण, रैथाने खाजा महोत्सव, सीप परीक्षण सहितको सीप मूलक तालिम संचालन, विभिन्न प्रजातिका वीउ वीजन वितरण, किसानलाई मिलिटिलर वितरण , सामुदायिक कुकर व्यवस्थापन, ११५० वटा सामुदायिक कुकरहरुमा रेविज खोप, मृत चौपाया व्यवस्थापन, गोठ सुधार कार्यक्रम, १००१ गाईलाई खोप लगाईएको, काउम्याट वितरण, विभिन्न प्रशिक्षण कार्यक्रम संचालन, सूचिकृत वेरोजगारहरुलाई न्यूनतम रोजगारी प्रदान, ५ बर्षे रोजगार रणनीति लागु गरिएको छ

८. मेयर दिवा खाजा कार्यक्रम, विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान, स्थानीय पाठ्यक्रम,मातृभाषाको पाठ्यक्रम लागु, राष्ट्रपति रनिङ्गशिल्ड, नगरखेलकूद, नगर क्रिकेट कार्यक्रम संचालन, भगवती क्लवलाई खेलकूद सहयोग उपलव्ध गराई ए डिभिजनमा स्तरोन्नतीमा महत्वपूर्ण योगदान गरिएको छ। बालमैत्री स्थानीय शासनको प्रारुप तयार हुदै (विभिन्न वडा घोषणाको चरणमा) गरेको छ । मेयर दीर्घायू निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम अन्तर्गत १५०० जना लक्षित बर्गका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य परीक्षण गरिएकोछ । दीर्घरोग विरुद्धको अभियानमा मेयर कार्यक्रम अन्तर्गत ८०० जना लक्षित बर्गका दीर्घरोगीहरुलाई निःशुल्क औषधि वितरण गरिएको छ ।

९. ८३२७ जना किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको HPV (Human Papilloma Virus Vaccine) खोप लगाईएको, गर्भवती, सुत्केरी घरभेट कार्यक्रम मार्फत ८९० जना गर्भवती/सुत्केरीलाई PNC जाँच तथा न्यानोझोला वितरण, क्षयरोग मुक्त नगरपालिका घोषणाको तयारी पुरा भएको, ९१२१ जना वालवालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि वितरण, परम्परादेखि मनाउदै आएका मेला-जात्रा, चाडपर्व, रीतिरिवाज, परम्परा, परिकार तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र संवर्धन, संस्कृति संरक्षणको लागि अक्षयकोष स्थापनाको चरणमा रहेको छ । ३४६९ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण, २२२ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ ।

१०. हाल सम्म ग्राभेल सडक ३५.०६ कि.मी, पक्की सडक १४९.४३ कि.मी, साईडड्रेन १३१.१ कि.मी., खानेपानी पाईपालाईन विस्तार २६२ स्थान, खानेपानी डिप वोरिङ्ग ५ स्थान, पुल कल्भर्ट १७ वटा, रिटेनिङ्ग वाल/ पहिरो नियन्त्रण १८४.७६ कि.मी, ढल विछ्याउने तथा मर्मत कार्य २३.२२ कि.मी., पार्क २४ वटा, सामुदायिक विद्यालय भवन ९ वटा, अन्य सामुदायिक भवन ६३ वटा ( मर्मत समेत) , नगरपालिका/वडा/स्वास्थ्य कार्यालयको भवन १४ वटा, धार्मिक संस्कृति संरचना ३९ वटा, सडकबत्ती ३२७२ वटा, सिसिटिभि ५२२ थान जडान सम्पन्न भएका छन् । करिब ९ कि.मी. करिडोर खोल्ने कार्य सम्पन्न भएको छ ।टोखा नगरपलिका क्षेत्रका अन्य नदी,खोला,खोल्सीहरुको करिडोर खोल्न बाँकी रहेका स्थानमा क्रमागत रुपमा रहेका छन् । १४०० रोपनी सार्वजनिक जग्गा संरक्षण भएको छ । चालु आ.ब.मा हाल सम्म नयाँ नक्सा २८३, नियमित ६०, नामसारी २५१, अभिलेखिकरण १९७, निर्माण सम्पन्न २७२, नक्सा संशोधन ३०, र नक्सा नविकरण १ गरी जम्मा १०९४ वटा नक्सा पास भएका छन् । नेपाल विद्युत प्राधिकरणको लागत साझेदारीमा नगरका मुख्य मुख्य सडकहरुमा स्मार्ट सडकबत्ती जडानको सुरुवात भएको छ । सडक किनारमा यात्रु विश्राम स्थल निर्माण गरिएको छ ।

११. नगरवासीलाई फोहोरमैला व्यवस्थापनको लागि डस्टवीन/ कम्पोष्टवीन वितरण गरिएको छ । सरसफाई अभियानलाई निरन्तरता दिदै हाल सम्म ५५ औं हप्तामा पुगेको छ । नगरस्तरीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना लागु भएको छ ।विभिन्न स्थानमा Water Recharge प्वाईन्ट निर्माण गरिएको छ ।विपद् व्यवस्थापनको लागि Quick Response Team परिचालन गरिएको छ । दमकल खरिदको सम्झौता सम्पन्न भएकोछ ।विभिन्न स्थानमा खुल्ला व्यायामशाला निर्माण गरिएको छ ।सडक पेटीमा ठेलागाडा, रिक्सा, निर्माण सामग्री लगायत राख्ने कार्य न्यूनिकरण गरिएको छ । नियमित बजार अनुगमन मार्फत उपभोक्ता हित संरक्षण गरिएको छ ।

१२. आ.ब. २०८०/८१ को संस्थागत क्षमता स्वःमूल्याङ्कन LISA मा ९०.२५ र बित्तीय सुशासन मूल्याङ्कन FRA मा ८८.०० अंक प्राप्त भएको छ ।चीनको तिव्वत स्थित नाग्छु शहरका नगर प्रमुख सहितको टोलीद्धारा टोखा नगरपालिकाको औपचारिक भ्रमण सम्पन्न भएको छ । नगरपालिकाका सबै घरहरूमा Metric Street Addressing System जडानको प्रकृया अन्तिम चरणमा रहेको छ ।सूचीकृत मेलमिलाप कर्ताहरुलाई मेलमिलाप सम्बन्धी तालिम, जिल्ला अदालतसंगको

सहकार्यमा न्यायीक वाह्य पहुँच कार्यक्रम संचालन, एकीकृत कर अभियान संचालन, नगरपालिकाका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको छ ।

१३. टोखा नगरपालिकामा चालु आ.ब.को तेश्रो त्रैमासिकमा कूल ३४८९ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको, ४२५ जनाको जन्मदर्ता , २०८ जनाको मृत्यू दर्ता, २७७ जोडीको विवाह दर्ता, ४९ जोडीको सम्वन्ध विच्छेद दर्ता र ४०८ परिवारको वसाइसराई दर्ता गरिएको, राष्ट्रिय परिचयपत्र दर्ता ४०२८ जनाको गरिएकोछ ।

**नगरसभा सदस्यहरू,**

१४. **नेपालको संविधान** मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, प्रचलित कानुनी व्यवस्था, बजेट तर्जुमा दिग्दर्शन, चालु र अघिल्लो आ.व.हरुका नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट प्राप्त उपलब्धीको अवस्था, टोखाको मौलिक विशेषता, दीर्घकालीन सोच, आवधिक नगर विकास योजना र नगरवासीहरूको आकाङ्क्षा, राजनैतिक दल, विषयविज्ञ, बुद्धिजीवी वर्ग र नागरिक समाजबाट प्राप्त सुझावहरू समेतको आधारमा आगामी आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम तय गरिएको छ । उल्लेखित नीतिहरुले टोखा नगरपालिकाको सर्वाङ्गीण विकासमा टेवा पुग्ने अपेक्षा राखेको छु ।

१५. अब म हाल सम्म लिईएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको समीक्षाको आधारमा आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**नीति**

१६. नगरपालिकाको दीर्घकालीन सोच “**कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर**” लाई सार्थक तुल्याउन संविधानले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही नीति/कानुन निर्माण, कार्यान्वयन, अनुगमन मूल्याङ्कन मार्फत उद्यमशिलता विकास, रोजगारी सिर्जना, आर्थिक,सामाजिक र शैक्षिक दृष्टिले पछी परेका वर्गको सशक्तिकरण र विकास, हरित तथा वातावरणमैत्री दिगो पुर्वाधार निर्माण, हरेक नागरिकलाई स्वच्छ खानेपानीको उपलब्धता, आधुनिक प्रविधिमा आधारित नागरिकमैत्री सेवा प्रवाह,जवाफदेहीता प्रवर्द्धन, मितव्ययीता, पारदर्शिता एवं उत्पादनमूलक खर्च प्रणाली मार्फत **समृद्ध टोखाः सुखी टोखावासी** बनाउने टोखा नगरपालिकाको आर्थिक बर्ष २०८२/८३ को नीति रहनेछ ।

१७. अव म माथि उल्लेखित नीति कार्यान्वयन गर्न देहाय बमोजिमको बिषयक्षेत्रगत कार्यनीतिहरु प्रस्तुत गर्दछु ।

**क) आर्थिक विकासः-**

१८. उद्यमशिलता मैत्री शिक्षा, रोजगारी सिर्जना केन्द्रित एवं स्टार्ट अप कार्यक्रम, सीपमूलक एवं आयमूलक कार्यक्रम, बिउ पूंजी, प्रविधि हस्तान्तरण, क्षमता अभिबृद्धि, बजारीकरण, मूल्य श्रृङ्खला

निर्माण मार्फत उद्यमशिलता बिकास, उत्पादन, उत्पादकत्व बृद्धि, श्रम डेक्स स्थापना,श्रम बैक लागु गरी सीपयुक्त श्रमशक्तिको अभाव र सीप विहिन श्रमशक्ति जगेडामा रहने व्यवस्था अन्त्य गरी गरिबी, वेरोजगारी को दर घटाई आर्थिक बृद्धि एवं आर्थिक विकासको लक्ष्य हासिल गरिनेछ । सहकारी तथा सामुदायिक क्षेत्रलाई समेत उद्योग तर्फ आकर्षित गरिनेछ । लघु, घरेलु तथा साना उद्योगलाई विशेष संरक्षणको व्यवस्था मिलाईनेछ । स्थानीय उत्पादनको उपभोग गर्न नगरवासीलाई प्रोत्साहन गरिनेछ । उद्योग दर्ता कार्य नगरपालिकाबाटै गर्ने व्यवस्था मिलाईनेछ।

१९. बैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई नगर निर्माणमा उपयोग गरिनेछ । बैदेशिक रोजगारीबाट फर्किएका रिटर्नीहरुको पुनः एकीकरण गरी उनीहरुले प्राप्त गरेको ज्ञान, सीप, पुंजी र प्रविधिलाई नगरपालिकाको हितमा प्रयोग गरिनेछ । सुरक्षित आप्रवासनको लागि आप्रवासन सम्बन्धी सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. राष्ट्रिय अन्तराष्ट्रिय स्तरबाट टोखा नगरपालिकामा उद्योग, व्यापार, लगानी, पर्यटन प्रबर्द्धन गर्न निजी क्षेत्र, देश बिदेशमा रहेका टोखा नगरबासी, गैर आवासीय नेपाली लगायत नेपाली डायस्पराे लाई परिचालन गरिनेछ ।

२१. वेरोजगारहरुको पहिचान गरी सूचीकृत वेरोजगारहरुलाई न्यूनतम अवधिको रोजगारीको सुनिश्चितता गरिनेछ ।

२२. CTEVT र CTEVT बाट सम्बन्धन प्राप्त संस्थाहरुको समन्वयमा निर्धारित पाठ्यक्रममा आधारित बेसिक तथा एडभान्स सीपमूलक (सीप परीक्षण सहितका) कार्यक्रम संचालन गरी रोजगारीसँग आवद्ध गरिनेछ ।

२३. संघ तथा प्रदेश सरकारको सहकार्यमा व्यावसायिक कृषि तथा पशु पंक्षी उद्यममा बीमा सेवा बिस्तार गरिनेछ ।

२४. कृषिमा यान्त्रिकीकरण, कृषि उपज वितरण, उत्पादनमा आधारित अनुदान, कार्य सम्पादनमा आधारित पुरस्कार, बिषादी परीक्षण, माटो परीक्षण, Right Seed at Right Soil, रैथाने बाली संरक्षण, जैविक बिषादी उपयोगमा प्रोत्साहन, कृषि, पशुपंक्षी र खाद्य प्रयोगशाला स्थापना, शितभण्डार स्थापना, पशु उपचारकक्ष, पशु खोप जस्ता कार्यक्रम मार्फत कृषि तथा पशुपंक्षी उद्योगलाई आधुनिक प्रविधिमैत्री एवं व्यवसायिक बनाई उत्पादन/उत्पादकत्व बृद्धि गरिनेछ । माटोमा देखिएको बढ्दो अम्लियपनलाई नियन्त्रण तथा प्रांगिक पदार्थको मात्रालाई बृद्धि गर्न प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा माटो स्वास्थ्य सुधार कार्यक्रम संचालन गरिनेछ । स्थानीय उत्पादनको प्रवर्द्धनको लागि हाट बजार, कोशेलीघर संचालन तथा विस्तार गरिनेछ । सरकारी निकायबाट उपलब्ध हुने अनुदानको लाभ वास्तविक किसानले मात्र प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।

२५. कृषि तथा पशु व्यवसाय सम्बन्धी फर्महरूको अभिलेखलाई सूचना प्रणालीमा आवद्ध गरी अध्यावधिक गरिनेछ । उन्नत जातका पशुपन्छीको उत्पादन, कृतिम गर्भाधान जस्ता कार्यक्रमलाई निरन्तरता दिदै पेशाप्रति आकर्षण गर्ने कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

२६. सामुदायिक चौपाया ब्यवस्थापन गर्न बन्ध्याकरण गर्ने, घाइते र विरामीहरुको उपचार गर्ने तथा मृत जनावरहरुको उचित व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२७. नगरपालिकाभित्रका महत्वपूर्ण पर्यटकीय स्थलहरुको राष्ट्रिय/ अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकको संख्या वृद्धि गरिनेछ । पथ प्रदर्शकको बिकास गरिनेछ । ट्राभल एजेन्सी तथा पर्यटन बोर्डसंग सहकार्य गरिनेछ ।पर्यटन व्यवसायमा आवद्ध व्यक्तिहरु लक्षित उद्यमशिलतामा आधारित क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ । मौलिकता र नवप्रवर्तन सहितका पर्यटकीय पूर्बाधारको विकास गरिनेछ । टोखाको मौलिक उत्पादन चाकु तथा घरेलु मदिराको ब्रान्डिङ्ग गरिनेछ । टोखाको चिनारीको रुपमा चाकु स्तम्भ निर्माण गरिनेछ। पर्यटन व्यावसायको प्रत्यक्ष लाभ स्थानीय समुदायमा पुर्याईनेछ । होमस्टे संचालनमा सहजीकरण गरिनेछ।

२८. सबै सहकारी संस्थाहरूमा सहकारी व्यवस्थापन, लेखापालन र सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) को प्रभावकारिता वृद्धि गरिनेछ ।

२९. सहकारी संस्थाको प्रभावकारी नियमन गरिनेछ । सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गरी बचतकर्ताको बचत र लगानी संरक्षण गरिनेछ ।

३०. कालोबजारी, सिन्डिकेट, कार्टेलिङ नियन्त्रण गरी बजारलाई स्वच्छ, प्रतिस्पर्धी, उपभोक्तामैत्री बनाई उपभोक्ताको हकहित संरक्षण गर्न मूल्य तथा गुणस्तर सहितका बिषयमा नियमित र प्रभावकारी बजार अनुगमन गरिनेछ । हरेक वडाबाट नै नियमित बजार अनुगमन गर्ने ब्यवस्था मिलाउदै उपभोक्ता शिक्षा मार्फत उपभोक्ताको हक अधिकार तथा कर्तव्यको बारेमा सचेत गराईनेछ ।

३१. श्रमको सम्मान गर्ने संस्कृतिको बिकास गरिनेछ । श्रमिकको न्यूनतम ज्याला, योगदान सहितको सामाजिक सुरक्षा कोषमा आवद्धता, बीमा, भौतिक एवं पेशागत सुरक्षा, उचित कार्य वातावरण लगायत श्रमिकको हकहितका सम्बन्धमा रोगजारदातालाई नियमन गरिनेछ । आधारभुत श्रम मापदण्ड सुनिश्चित गर्न श्रम अडिट गरिनेछ ।श्रम बैक संचालन गरिनेछ । स्वरोजगारीलाई प्राथमिकता दिईनेछ । रोजगारदाताले व्यवसाय नविकरण गर्दा श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराई नियमित योगदान गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

**सामाजिक विकास**

३२. विद्यालयहरुमा शिक्षकः विद्यार्थी अनुपात राष्ट्रिय मापदण्ड अनुसार बनाउन शिक्षक दरवन्दी हेरफेर गरिनेछ । मापदण्ड बनाई न्यायोचित तवरले अन्तर विद्यालय शिक्षक सरुवा गरिनेछ। शिक्षकको योग्यता क्षमता अनुसार शिक्षणको अवसर प्रदान गर्न तथा योग्य शिक्षकको अभाव न्यूनिकरण गर्न

शिक्षक बैक स्थापना गरिनेछ । संघ र प्रदेश सरकारसँगको सहकार्यमा विद्यालय शिक्षालाई अनिवार्य, निःशुल्क, आधुनिक, प्रविधिमैत्री, उच्च गुणस्तरीय, जीवनोपयोगी बनाई सामुदायिक विद्यालय शिक्षालाई प्रतिस्पर्धी बनाईनेछ ।सामुदायिक विद्यालयमा सूचना प्रविधि शिक्षकको व्यवस्था, डिजिटल सिकाई सामाग्रीको बिकास तथा प्रवाह गरिनेछ ।आवश्यता अनुसार बालबालिकाहरुलाई विद्यालय आवतजावतको लागि विद्यालय बसको व्यवस्था गरिनेछ ।

३३. शिक्षा प्रणालीलाई आधुनिक विज्ञान प्रविधिमैत्री, अनुसन्धान एवं अन्वेषण लक्षित बनाईनेछ । नैतिक शिक्षा, सीप शिक्षा र व्यवसायीक सिकाई कार्यक्रम संचालन गरिनेछ । नगरपालिका भरिका सबै पाठ्यक्रममा एकरुपता ल्याईनेछ । कक्षा ९ सम्मको परीक्षा नगरपालिकाले संचालन गर्ने व्यवस्था मिलाईनेछ। विद्यार्थी मनोपरामर्शको प्रवन्ध गरिनेछ । विद्यालयको एकीकृत लेखा व्यवस्थापन सूचना प्रणाली बिकास गरी लागु गरिनेछ ।

३४. बालबालिकामा मातृभाषा प्रवर्द्धनका लागि श्रव्यदृश्य पाठ्य सामाग्री विकास लगायतका कार्यक्रम संचालन गरिनेछ ।स्थानीय पाठ्यक्रम तथा मातृभाषाको पाठ्यक्रम विद्यालय शिक्षाको माथिल्लो कक्षामा थप गर्दै लागू गरिनेछ ।

३५. समुदाय-विद्यालय सहकार्य, भर्ना अभियान लगायत विभिन्न कार्यक्रम मार्फत विद्यालय जाने उमेर पुगेका सबै बालबालिकालाई विद्यालय भर्ना गरिनेछ । बालबिकास कक्षाहरुको स्तरोन्नती तथा बालबिकास सहजकर्ता एवं आयाहरुको क्षमता अभिबृद्धि गरी बालबालिकाले खेल्दै सिक्ने र रमाउदै पढ्ने वातावरण निर्माण गरिनेछ । सबै शिक्षक तथा विद्यालय कर्मचारीहरुको समय सापेक्ष क्षमता अभिबृद्धि गरिनेछ ।

३६. साझा अभ्यास मेला आयोजना गरी सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यास आदान-प्रदान गरिनेछ ।

३७. **मेयर दिवा खाजा** अन्तरगत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि दिदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिदै दिवा खाजाको गुणस्तरमा **डाइट प्लान** तय गरी व्यवस्थित बनाउदै लगिनेछ ।

३८. औपचारिक शिक्षाबाट बन्चित रहेका नागरिकहरुको शिक्षा लिन पाउने हकलाई सुनिश्चित गर्न वैकल्पिक तथा अनौपचारिक शिक्षाको बिस्तार गरी प्रविधिमैत्री बनाउदै लगिनेछ । साथै टोखा नगरपालिकाभित्र रहेका सामुदायिक पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र व्यवस्थित र प्रविधिमैत्री बनाउनुको साथै निजी तथा गैह्रसरकारी संस्थाहरुलाई पुस्तकालय सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ ।

३९. भाषा, कला, साहित्य, शिक्षा,खेलकुद, धर्मसंस्कृति जस्ता बिभिन्न विधामा योगदान पुर्याउने ब्यक्तिहरु, विद्यालय शिक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी, उत्कृष्ट कार्य सम्पादन गर्ने शिक्षक, उच्च शिक्षामा स्वर्णपदक प्राप्त गर्ने, विद्यावारिधी प्राप्त व्यक्तित्वहरुलाई सम्मान गरी उनीहरुको ज्ञान, सीप, क्षमतालाई नगरको बिकास र समृद्धिमा उपयोग गरिनेछ ।

४०. नगरपालिकाको उपयुक्त स्थानमा नगरस्तरीय खेलकूद मैदानको निर्माण गरिनेछ ।

४१. नागरिकहरुमा अधिकार र कर्तव्यको बोध गराई नैतिकता, सदाचारिता, शिष्टाचार, दर्शन, सभ्यता, कर्तव्यनिष्ठता संस्कार र संस्कृतिको बिकास गरिनेछ ।युवामा स्वंयमसेवी भावना विकास गरिनेछ ।

४२. युवाको शारीरिक एवं मानसिक विकास, राष्ट्रिय-अन्तराष्ट्रिय खेलाडी तथा प्रशिक्षक उत्पादन गर्न नगर खेलकूद कार्यक्रम विद्यालयस्तरमा रनिङ्ग शिल्ड कार्यक्रम, खेल सामाग्री वितरण, प्रशिक्षण कार्यक्रम, प्रशिक्षक/खेलाडी प्रोत्साहन तथा पुरस्कार कार्यक्रम संचालन गरिनेछ । नगर खेलकूद परिषद्लाई थप क्रियाशिल बनाउदै लगिनेछ । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई नेपाल स्काउटका कार्यक्रमहरुमा आबद्ध गराउदै अनुशासित, जिम्मेवार र सेवामुखी बनाउदै लगिनेछ ।

४३. सिप,सोच र सिर्जनामा आधारित सिकाईः यहि हो नयाँ पुस्ताको पढाई भन्ने मान्यताका साथ सबै विद्यालयमा हप्तामा एक दिन सिप कला र सिर्जनामा आधारित पाठ्यपुस्तक विहीन कक्षा तथा Talant Based Learning Class संचालन गरिनेछ ।सबै विद्यालयलाई हरेक विद्यार्थीको प्रोफाईल तयार गर्न लगाई विद्यार्थीमा भएको प्रतिभा उजागर गर्न प्रतिभा प्रदर्शन (Talent Show) आयोजना गरिनेछ ।

४४. हरित विद्यालय मापदण्ड तयार गरी सार्वजनिक निजी साझेदारी मार्फत हरित विद्यालय निर्माण गरिनेछ ।

४५. नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले कूल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत संख्यामा नगरपालिकाको मापदण्ड बमोजिम एकद्वार प्रणाली मार्फत छनौट भएका गरिब, जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीहरुलाई निःशुल्क पठन पाठन गराउनु पर्ने व्यवस्था गरी निःशुल्क पठन पाठन गरिएका विद्यार्थीहरुको विवरण अनिवार्य रुपमा सार्वजनिक गर्नु पर्ने व्यवस्था गरिनेछ । यसरी छात्रवृत्ति वितरण नगर्ने विद्यालयहरुलाई कारवाही गरिनेछ ।

४६. आर्थिक सामाजिक वा भौगोलिक रुपले पछाडी परेका महिला,दलित,जनजाति, अपाङ्गता भएका मजदुर, विपन्न बर्गका विद्यार्थीहरुलाई नगर छात्रबृत्ती कोष मार्फत छात्रबृत्ती प्रदान गरिनेछ ।

४७. बेसाहारा, अपाङ्ग तथा विपन्न बालबालिका अध्ययनरत मुनाफा रहित विद्यालयहरुलाई दिएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४८. विपन्न नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधामा पहुँच बृद्धि र सहुलियत प्रदान गरिनेछ ।

४९. मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्या सम्बोधन गर्न र मानसिक स्वास्थ्यको संरक्षण, संवर्द्धन गर्न सम्पर्क ब्यक्ति र जिम्मेबारी तोक्ने, पिडित व्यक्तिहरुलाई आवश्यकता अनुसार निःशुल्क औषधि उपलव्ध गराउने, मानसिक स्वास्थ्य सेवालाई सामुदायिक सेवा, स्वास्थ्य बीमा, अपाङ्गता परिचयपत्रसँग आवद्ध गर्ने, मानसिक स्वास्थ्य क्षेत्रमा रहेको कलंकलाई न्यूनिकरण तथा अन्त्य गर्न बिभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, परनिर्भर भई आश्रय लिईरहेका प्रभावित व्यक्तिहरुलाई आफ्नै परिवार तथा समुदायमा पुनःस्थापना गर्ने, बैकल्पिक उपचार पद्धतीको

अवलम्बन गरी समग्र जीवनशैलीमा परिवर्तन ल्याउने एवं मानसिक स्वास्थ्य सेवालाई हिंसा र यातना रहित तुल्याउन आवश्यक प्रबन्ध गरिनेछ ।

५०. लागु औषध दुर्व्यसन, आत्महत्या, साईवर अपराध, हत्या-हिंसा, बिभेद, चोरी, डकैती, जथाभावी फोहोर फाल्ने लगायत समाजमा घट्ने अपराध नियन्त्रण गर्न नेपाल प्रहरीसँग सहकार्य गरी बिशेष सुरक्षा योजना बनाई लागु गरिनेछ। पुनर्स्थापना केन्द्रमा रहेका दुर्व्यसनीहरुलाई सामाजिक पुनःएकीकरण कार्यक्रम संचालन गरिनेछ । नगरपालिकामा शान्ति सुरक्षा एवं सु-व्यवस्था कायम गर्न सुरक्षा निकाय लगायत अन्य सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ ।

५१. जातीय, लैङ्गिक, सांस्कृतिक, भाषीक, वर्गीय हिंसा, शोषण, कुरीति, कुप्रथा, विभेद, दुर्व्यवहार तथा मानव बेचविखन बिरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ ।

५२. एकल महिलाहरुको लागि जीविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ । साथै, किशोर किशोरीहरुका लागि जीवन उपयोगी सिप/शिक्षा प्रदान दिइनेछ ।

५३. बालमैत्री, युवामैत्री स्थानीय शासनका पूर्वाधारहरू पूरा गरी बालमैत्री, युवामैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई वडा कार्यालय मार्फत क्रमागत सूचकहरु पूरा गराई वडाहरुलाई क्रमश घोषणा गर्दै लगिनेछ।

५४. बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि आपतकालीन बाल उद्धार कार्यक्रम संचालन गरिनेछ । बालबालिकाको खण्डिकृत तथ्याङ्क संकलन गरिनेछ ।

५५. ज्येष्ठ नागरिक मिलन केन्द्र, दिवा सेवा केन्द्रहरु स्थापना तथा संचालन, नियमित स्वास्थ्य परीक्षण, फलोअप एवं निःशुल्क औषधि वितरण मार्फत ज्येष्ठ नागरिकहरुलाई स्वस्थ एवं सक्रिय जीवन बिताउन अभिप्रेरित गरिनेछ ।ज्येष्ठ नागरिकका ज्ञान,सीप, अनुभवको उपयोग तथा पुस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५६. टोखा नगरपालिकाभित्र अटिजम भएका बालबालिका, भकभके बोली, बौद्धिक अपाङ्गता भएका व्यक्तिको पहिचान, उपचार तथा पुनःस्थापना गरी निजहरुको क्षमता अनुसारका सीप विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

५७. सरकार तथा सरकार वाहेकका निकायबाट सार्वजनिक प्रयोजनका लागि निर्माण हुने सार्वजनिक पूर्वाधार एवं प्रदान हुने सार्वजनिक सेवालाई बालमैत्री, अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री, महिलामैत्री बनाईनेछ ।

५८. सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्राहरूलाई वर्षभरी आवश्यक पर्ने सेनेटरी प्याड निःशुल्क उपलब्ध गराइनेछ ।

५९. सबै नागरिकलाई निःशुल्क रुपमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा गुणस्तरीय रुपमा उपलव्ध गराईनेछ । सोको लागि बिभिन्न प्रतिकारात्मक र उपचारात्मक विधि अवलम्बन गरिनेछ ।नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा बिशेषज्ञ सेवा बिस्तार गरिनेछ । आयुर्वेद सेवा र

प्राकृतिक, परम्परागत, बैकल्पिक चिकित्सा विधि अपनाउन प्रोत्साहन गरिनेछ ।योग, ध्यान र प्राणायामको समुदायस्तरमा प्रवर्द्धन गरिनेछ ।

६०. संघ तथा प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा मादक पदार्थ र सुर्तीजन्य पदार्थको उपभोगलाई निरुत्साहित गरिनेछ । प्रदेश सरकारसंगको साझेदारीमा संचालन हुने एक स्थानीय तह एक नमुना स्वास्थ्य संस्था र एक विद्यालय एक नर्स कार्यक्रमलाई क्रमशः समुदायस्तरमा विस्तार गरी क्षमता अभिबृद्धि गरिनेछ ।

६१. **मेयर दीर्घायू निःशुल्क स्वास्थ्य परीक्षण, दीर्घरोग विरुद्धको अभियानमा मेयर, ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्य सेवा** कार्यक्रम मार्फत एकद्धार प्रणाली लागु गरी ज्येष्ठ नागरिक तथा दीर्घ रोगीहरुको निःशुल्क स्वास्थ्य परीक्षण एवं निःशुल्क औषधि उपलव्ध गराईनेछ । महिलाको स्तन तथा पाठेघरको मुखको क्यान्सर तथा पाठेघर खस्ने रोगको निःशुल्क परीक्षण कार्यलाई निरन्तरता दिई थप सेवा विस्तार गरिनेछ । संघीय र प्रदेश सरकारसंगको सहकार्यमा किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको HPV (Human Papilloma Virus Vaccine) खोप लगाइनेछ ।

६२. विद्यार्थी स्वास्थ्य उपचार कोष खडा गरी विद्यार्थी बीमा कार्यक्रम मार्फत विद्यार्थीहरुको दुर्घटना बीमा,स्वास्थ्य परीक्षण,औषधि उपचार तथा स्वास्थ्य सचेतना कार्यक्रम संचालन गरिनेछ । **उपमेयरसंग बालबालिका** कार्यक्रम मार्फत विद्यालय तहका बालबालिकाहरुको निःशुल्क श्रवण, दृष्टि र दन्त परीक्षण गरी सोको निःशुल्क उपचारको व्यवस्था मिलाईनेछ । पाँच बर्ष मुनीका सबै बालबालिकाहरुले सरकारी मापदण्ड बमोजिम लगाउनु पर्ने सम्पूर्ण खोप लगाएको सुनिश्चितता गरिनेछ ।

६३. सुरक्षित मातृत्व प्रवर्द्धनका लागि गर्भवती, सुत्केरी घरभेट कार्यक्रम मार्फत PNC जाँच, गर्भावस्थामा एकपटक Anomaly Scan तथा न्यानोझोला वितरण गरिनेछ ।

६४. टोखा नगरवासीलाई नेपाल रेडक्रससँगको सहकार्यमा निःशुल्क रुपमा रगत उपलव्ध गराउने तथा विपन्न नगरवासी मुटुरोगीलाई शहिद गंगालाल हृदयरोग केन्द्रको सहकार्यमा उपचारमा सहयोग उपलव्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

६५. टोखा चण्डेश्वरी अस्पतालसँगको सहकार्यमा सो अस्पतालबाट नियमित रुपमा रेबिज बिरुद्धको खोप उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।रेबिज रोग नियन्त्रणका लागि बिभिन्न कार्यहरु संचालन गरी रेबिजबाट हुने मानब मृत्यूलाई शुन्यमा झारिनेछ। Antimicrobial Resistance (AMR) न्यूनिकरणका लागि औषधिको समुचित प्रयोगमा जोड दिने लगायतका कार्यक्रम संचालन गरिनेछ ।

६६. नगरपालिकाबाट संचालन गरिने व्यावसायिक/सीपमूलक/सचेतनामूलक तालिम एवं कार्यक्रमहरु संचालनलाई व्यवस्थित बनाउन निर्देशिका तयार गरिनेछ ।

६७. ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका मठ मन्दिर, वहाल, पोखरी, सम्पदाको नियमित मर्मत संम्भार पूनःर्निर्माण र संरक्षण गरिनेछ । अमूर्त सम्पदाहरु टोखा विष्का जात्रा,

धापासी जात्रा, गोगंवुँ गणेशजात्रा लगायत परम्परादेखि मनाउदै आएका मेला-जात्रा, चाडपर्व, रीतिरिवाज, परम्परा, परिकार तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र संवर्धन गरी प्रचार प्रसार गरिनेछ । आवश्यकतानुसार अक्षयकोष स्थापना र संचालन गरिनेछ ।

**पूर्वाधार विकास**

६८. भु-उपयोग क्षेत्र बर्गीकरण तथा भु-उपयोग योजना तर्जुमा गरी अव्यवस्थित जग्गाको खण्डिकरण नियन्त्रण गरिनेछ ।नगर यातायात गुरुयोजना निर्माण गरी गुरुयोजनाले तोकेको सडकको क्षेत्राधिकार सुनिश्चित गरी सडक सम्वन्धी योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

६९. आर्थिक, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका स्थानमा मात्र सडकका लागि नयाँ ट्याक खोलिनेछ ।

७०. संघ र प्रदेश सरकारको सहकार्य र समन्वयमा सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, सुरक्षित, भरपर्दो र वातावरणमैत्री बनाईनेछ । यसका लागि उपयुक्त स्थानमा बसपार्क तथा बस बिसौनी निर्माण, सवारी प्रदुषण जाँच, भार परीक्षण, चालक तथा सहचालकको तन्दुरुस्ती परीक्षण,व्यवहार एवं आचरण सुधार गर्न प्रशिक्षण, यात्रुलक्षित सचेतना कार्यक्रम संचालन गरिनेछ ।

७१. मौलिक संस्कृति झल्कने गरी कलात्मक ढंगबाट भवन निर्माण, Rain Water Harvesting , पानी पुनर्भरणको लागि खुल्ला स्थान छोडी भवन निर्माण गर्दा नक्सापासमा विशेष छुट दिने व्यवस्था मिलाईनेछ ।

७२. मेलम्ची खानेपानीको बिस्तार, डिप बोरिङ्ग, आकाशेपानी संकलन तथा पुनर्भरण, प्राकृतिक मुहानको पानीको उपलव्ध र आवश्यता वीच सन्तुलन, व्यवस्थित खानेपानी बितरण प्रणाली, खानेपानी संरचना निर्माण, मर्मत संभार, पानीको गुणस्तर परीक्षण, व्यावसायीक खानेपानी उद्योगको प्रभावकारी अनुगमन र नियमन मार्फत स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको उपलव्धता सुनिश्चित गरिनेछ । भूमिगत पानीका स्रोतको पुनर्भरणलाई प्राथमिकता दिईनेछ ।

७३. ऐतिहासिक मुहान, ढुंगेधारा, कुवा, पोखरी तथा परम्परागत खानेपानीका स्रोतहरुलाई सम्पदाको रुपमा संरक्षण गरिनेछ ।

७४. विकासमा सवै सरोकारवालाहरुको संलग्नताको सुनिश्चितता गरिनेछ।आयोजना तथा कार्यक्रममा दोहोरोपनाको अन्त्य गर्दै ठूला आयोजनाहरुको लागत प्रतिफल विश्लेषण गरिनेछ । विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ ।

७५. राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड पूर्ण रुपमा लागु गरी/गराई सोको नियमन गरिनेछ ।भवन सहिंता कार्यान्वयनमा प्राविधिक दक्षता वृद्धि गरिनेछ ।नगरपालिका भित्रका उचित स्थानमा सवारी साधनको व्यवस्थित पार्किङ्गको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

७६. नगर क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक जग्गा एवं सामुदायिक भवन लगायतका सम्पूर्ण सार्वजनिक सम्पतिहरूको लगत अध्यावधिक गरी अतिक्रमित सार्वजनिक एवं सरकारी सम्पति नगरपालिका मातहत ल्याई सोको संरक्षण तथा आवश्यकता अनुसार सार्वजनिक हितका लागि

उपयोग गरिनेछ । नगरपालिका क्षेत्र भित्रका विष्णुमति, साङ्गलेखोला, सपनातिर्थ लगायतका नदी तथा खोला, खोल्साको संरक्षण गर्ने तथा करिडोर विस्तारको कार्यलाई थप सशक्त बनाई निन्तरता दिइनेछ । सार्वजनिक जग्गा संरक्षण समितिलाई थप क्रियाशिल बनाइनेछ ।

७७. नगरपालिकाभित्र निर्माण हुने सबै सामुदायिक तथा सार्वजनिक भवन भवन संहिता तथा मापदण्ड बमोजिम हुने गरी निर्माण गरिनेछ ।

७८. **मेयर उज्यालो कार्यक्रम** अन्तरगत नेपाल विद्युत प्राधिकरण सँगको लागत साझेदारीमा स्मार्ट सडकबत्ती जडान गरिनेछ ।

७९. **जनता सुरक्षा कार्यक्रम** मार्फत नगरपालिकाभरि सिसिटिभी आवश्यक पर्ने सार्वजनिक स्थान पहिचान गरी नगरपालिका, वडा कार्यालय वा प्रहरीसंग नियन्त्रण कक्ष रहने गरी सिसिटीभी जडान तथा सुरक्षा संवेदनशिल स्थानहरुमा स्थानीय वासीहरुको लागत साझेदारीमा सुरक्षा साईरन जडान गरिनेछ।

८०. बहुवर्षीय, अधुरा र क्रमागत आयोजनाहरूमा बजेट विनियोजन सुनिश्चित गरिनेछ । जनसहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकता दिदै स्थानीय मागका आधारमा क्रमशः ४० प्रतिशत र ५० प्रतिशत जनसहभागिता मार्फत आयोजना संचालनमा जोड दिइनेछ । टोखा नगरपालिका प्रवेश गर्ने मुख्य सडकहरुमा आवश्यकताको आधारमा सांस्कृतिक प्रवेशद्वार निर्माण गरिनेछ ।

८१. निर्मित आयोजनाको परिमाण, गुणस्तर, लागत र समयका सम्वन्धमा नतिजामूलक अनुगमन गरिनेछ ।

८२. नगरपालिका भित्रका सडकहरूमा सडक सुरक्षा चिन्ह तथा सडक पूर्वाधार (जेब्रा क्रसिङ, लेन छुट्याउने, ट्राफिक संकेत, स्थान पहिचान संकेत, कन्भेक्स लेन्स आदि) राखिनेछ । नगर व्यूटिफिकेशनका लागि विभिन्न कार्यक्रमहरु संचालन कार्यलाई निरन्तरता दिइनेछ।

८३. वार्षिक पूँजीगत खर्च शत प्रतिशत हुनेगरी कार्यान्वयन गर्ने संयन्त्रको विकास गरिनेछ ।

८४. निर्मित पूर्वाधारको दिगोपनाको लागि नियमित रुपमा मर्मत सम्भारको कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाइनेछ । टोखा भित्रका मुख्य सडक २४ सै घण्टा संचालनको लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

८५. भूमिहीन दलित,भूमिहिन सुकुम्बासी एवं अव्यवस्थित बसोबासीको ब्यवस्थापनको लागि नेपाल सरकारसँग सहकार्य गरिनेछ ।

**वातावरण तथा बिपद् व्यवस्थापन**

८६. प्लास्टिकजन्य वस्तुको प्रयोगमा निरुत्साहन, ४० माइक्रोन भन्दा कमको प्लास्टिक पूर्ण रुपमा निषेध, कपडाको झोला प्रयोग गर्न प्रोत्साहन, स्रोतमा नै फोहोर बर्गीकरण, डस्टवीन/ कम्पोष्ट बिन वितरण, नदी तथा अन्य सार्वजनिक स्थलको नियमित रुपमा सरसफाई गरी नगरपालिकालाई व्यवस्थित एवं स्वच्छ वातावरणयुक्त बनाईनेछ। फोहोरमैला व्यवस्थापनको लागि आधुनिक

संरचना निर्माण गर्न आवश्यक पहल गरिनेछ । वायुको गुणस्तर परीक्षण, जलवायु अनुकूलन र असर न्यूनिकरणका कार्यक्रम लागू गरिनेछ । जलाधार क्षेत्रको संरक्षण, भूमिगत जल पुनरभरण कार्य गरिनेछ ।

८७. स्वास्थ्य संस्था, उद्योग लगायत ठूला व्यावसायिक घरहरुबाट निस्कासन हुने हानिकारक फोहोरको प्रदूषकबाट Pre Treatment गर्ने व्यवस्था लागु गरी प्रभावकारी अनुगमन गरिनेछ । प्लाष्टिक जन्य र अन्य ठोस फोहोर जलाउन प्रतिबन्ध लगाईनेछ ।हरित भवन निर्माण गर्न प्रोत्साहन गरिनेछ । वातावरण प्रदुषण गर्ने व्यवसायहरुको व्यवस्थित संचालनको लागि आवश्यक मापदण्ड निर्माण गरी व्यावसाय दर्ता/नविकरणसँग जोडिनेछ ।

८८. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनको लागि विपद् संवेदनशिल बिकास, आवश्यक सामाग्री व्यवस्थापन, क्षमता अभिबृद्धि, नमुना अभ्यास जस्ता कार्यमा संघ र प्रदेश सरकारको सहयोग, समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाईनेछ । नगरस्तरीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना बनाई लागु गरिनेछ।विपद् संवेदिनशिल स्थानको नक्सांकन गरिनेछ । आगलागी नियन्त्रण र आगलागीबाट हुने जोखिम न्युनीकरणको लागि फायर बल, फायर हाईड्रेन्ट, दमकल जस्ता उपकरणहरुको व्यवस्था मिलाइनेछ ।

८९. शहरको सुन्दरता अभिवृद्धि र वातावरणमैत्री नगर निर्माण गर्न **GREEN AND CLEAN TOKHA** अभियान अन्तर्गत **एक वडा एक पार्क, एक वडा एक खुल्ला व्यायामशाला निर्माण, एक वडा एक पोखरी, वृक्षारोपण तथा अव्यवस्थित पोल, तार व्यवस्थापन** कार्यलाई निरन्तरता दिइनेछ । उचित स्थानलाई खुला क्षेत्र तोकिनेछ । विभिन्न सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।

९०. सडक अतिक्रमण गरी सडक तथा सडक पेटीमा ठेलागाडा, रिक्सा, निर्माण सामग्री राख्ने कार्यलाई निरुत्साहित गराई सडक सुरक्षित गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

९१. वातावरणमैत्री स्थानीय शासनका पूर्वाधार पुरा गरी वातावरणमैत्री स्थानीय तह घोषणा गरिनेछ ।

**संस्थागत विकास सेवा प्रवाह तथा सुशासन**

९२. सेवाको न्यूनतम् मापदण्ड (SOP) तयार गरी लागु गरिनेछ ।आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याइनेछ। सहायता कक्ष (Help Desk) पूर्ण रुपमा संचालनमा ल्याईनेछ ।

९३. सबै जनप्रतिनिधि तथा कर्मचारीलाई आफुले गर्नुपर्ने काम प्रति पूर्ण रुपमा जिम्मेवार र आफुले गरेको काम प्रति पूर्ण रुपमा जवाफदेही बनाईनेछ । सोको लागि नगरप्रमुखसँग उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत एवं सम्पूर्ण कार्यपालिका सदस्यहरु, वडाध्यक्षसँग मातहतका वडासदस्यहरु, प्रमुख प्रशासकीय अधिकृतसँग बिषयगत शाखा प्रमुख, वडा सचिव एवं स्वास्थ्य संस्था प्रमुख तथा शाखा प्रमुख, वडा सचिव एवं स्वास्थ्य संस्था प्रमुखसँग आफु मातहतका कर्मचारीहरुले सूचक सहितको कार्यसम्पादन सम्झौता गर्नेछन् ।

९४. नगरपालिका मार्फत सम्पादन हुने सम्पूर्ण काम कार्वाहीलाई पारदर्शी बनाईनेछ । भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

९५. पारस्परिक लाभ र समानतामा आधारित भई मुलुकका अन्य स्थानीय तह एवं विदेशी शहरहरुसँग भगिनी सम्बन्ध कायम गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९६. सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज बनाउदै नागरिकको पहुँच सुनिश्चित गर्दै प्राप्त गुनासो शिघ्र सम्बोदन गरिनेछ ।

९७. नगरपालिकाबाट सम्पादन हुने कार्यका सम्बन्धमा सरोकारवाला सबैबाट प्रभावकारी अनुगमन एवं मूल्याङ्कन (३६० डिग्री ) हुने व्यवस्था मिलाईनेछ ।

९८. उपभोक्ता समिति एवं लाभग्राही समुदायलाई सो मार्फत सम्पादन कार्यप्रति जवाफदेही र जिम्मेवार बनाउन आयोजना सम्पन्न भए पश्चात सो आयोजना सम्बन्धित उपभोक्ता समिति/लाभग्राही समुदायलाई हस्तान्तरण गर्ने एवं आयोजना सम्पन्नको मितिदेखि एक बर्ष सम्म Defect Liability Period तोकि भुक्तानीमा निश्चित प्रतिशत धरौटी वापत रकम कट्टा गर्ने व्यवस्था गरिनेछ ।

९९. नेपाल सरकारले लिएको दुरदृष्टि, दिगो विकासको लक्ष्य, १६ औं योजनाले लिएको लक्ष्य, लगायत राष्ट्रिय एवं प्रादेशिक समष्टिगत एवं बिषय क्षेत्रगत नीतिले लिएको लक्ष्य हासिल हुने गरी नीति तथा कार्यक्रम तय गरी लागु गरिनेछ । आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बार्षिक बिकास योजना बिच तादात्म्यता कायम गरिनेछ ।आयोजना बैंकको अवधारणा लागु गरिनेछ ।

१००. नगरपालिकाका सबै घरहरूमा Metric Street Addressing System लागु गरी नगरपालिकाबाट प्रदान हुने सेवासंग आवद्ध गरिनेछ ।नागरिकको सेवामा पहुँचलाई छिटो र सजिलो बनाउन बिभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवाहरु एउटै स्थानबाट प्रदान गर्न संघ तथा प्रदेश सरकारको सहकार्यमा नागरिक सेवा केन्द्र संचालन गरिनेछ ।

१०१. नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई सूचना प्रविधिमैत्री बनाई डिजिटल नगरपालिकामा रुपान्तरण गरिनेछ । सूचना केन्द्र तथा सर्भरको स्थापना गरिनेछ।

१०२. सार्वजनिक प्रशासनलाई थप सबल, सक्षम, सुदृढ, प्रविधिमैत्री, व्यवसायीक, प्रभावकारी र नतिजा उन्मुख बनाईनेछ । कर्मचारीको कार्य सम्पादनको आधारमा पुरस्कार र कार्वाही गरिनेछ । कामको चापको आधारमा अतिरिक्त समय कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहन उपलव्ध गराईनेछ।

१०३. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्ञान, सीप, क्षमता, दक्षता अभिवृद्धिको लागि विभिन्न तालिम, गोष्ठी, अध्ययन, अवलोकन, भ्रमण तथा मनोसामाजिक कार्यक्रम संचालन गरी संस्थागत कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ ।नगरपालिकाको अधिकार क्षेत्र, नगरपालिकाबाट प्रदान हुने सेवा तथा नगरपालिकाबाट जारी भएका कानुनका सम्वन्धमा नगरवासीलाई जानकारी गराइनेछ ।

१०४. टोखा नगरपालिकालाई अवैतनिक रुपमा सहयोग गर्न इच्छुक विभिन्न विधामा ज्ञान, सीप, दक्षता, अनुभव भएका व्यक्तिहरूको विषय क्षेत्रगत रोष्टर अध्यावधिक गरी उहाँहरुको ज्ञान, सीप, दक्षता, अनुभवलाई नगरको अधिकतम हितमा प्रयोग गरिनेछ ।

१०५. न्यायीक समितिबाट हुने काम कार्वाहीलाई छिटो, छरितो, पारदर्शी र बिश्वसनीय बनाईनेछ । गरिब र कमजोर बर्गका नागरिकहरुलाई न्यायमा पहुँच पुर्याउन निःशुल्क कानुनी सहायता प्रदान गरिनेछ । कानुनी सचेतना, न्याय तथा परामर्श, विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता आदि क्रियाकलापहरु संचालन गरी न्यायिक प्रणालीलाई व्यवस्थित बनाइनेछ ।

१०६. संविधानमा व्यवस्था भएका अधिकार सूची बमोजिम कार्य सम्पादनको लागि आवश्यक पर्ने कानुन निर्माण र परिमार्जन गरिनेछ ।

१०७. आर्थिक कारोवारका सबै क्रियाकलापहरूमा स्वच्छता, जवाफदेहिता, पारदर्शिता, मितव्ययिता, प्रभावकारिता र प्रतिस्पर्धा कायम गर्दै आर्थिक अनुशासनलाई कडाईका साथ पालना गर्ने, आर्थिक कारोवारको लेखाङ्कन र प्रतिवेदनलाई व्यवस्थित, प्रभावकारी, कानुन सम्मत बनाउने एवं आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका कैफियतहरुलाई समयमा नै सुधार गरी अन्तिम लेखापरीक्षणले औल्याउने बेरुजु रकम शून्यमा झारिनेछ । हाल सम्मको सम्पूर्ण वक्यौता बेरुजु फर्छ्यौट गरिनेछ ।

१०८. गैर बजेटरी खर्च र अबण्डा बजेट मार्फत हुने खर्च नियन्त्रण गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता वृद्धि गर्दै लगिनेछ ।

१०९. कानुन बनाई नगरपालिकालाई सम्पतिकर/ बहाल कर तिर्ने करदातासंगको लागत साझेदारीमा पारिवारिक स्वास्थ्य बीमा गरिनेछ ।

११०. ब्यवसाय मैत्री वातावरण सिर्जना गरी करदाताको मनोवल उच्च हुने एवं नगरपालिकाको करको हिस्सा समेत बढ्नेगरी करको दायरा विस्तार,करका दरमा समयानुकूल हेरफेर, कर प्रणालीमा सुधार एवं करदातामैत्री राजस्व प्रणाली विकास गरिनेछ । सोको लागि कर अभियान संचालन, करदातालाई सम्मान, कर तिर्ने एवं नतिर्नेको विवरण सार्वजनिकीकरण, राजस्व संकलनमा उत्कृष्ट वडा कार्यालय एवं कर्मचारीलाई पुरस्कृत गर्ने लगायतका कार्यक्रम संचालन गरिनेछ ।

१११. निश्चित आधार र अंक भारको आधारमा विषय क्षेत्रगत तथा वडागत रुपमा बजेट सीमा निर्धारण गर्ने कार्यलाई थप व्यवस्थित बनाउदै लगिनेछ ।

११२. सेवा प्रवाह, विकास निर्माण लगायत नगरपालिकाबाट सम्पादन हुने सम्पूर्ण क्रियाकलापमा संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह, गैह्र सरकारी संस्था, नागरिक समाज, सहकारी क्षेत्र, नीजि क्षेत्र लगायत सम्पूर्ण शासकीय साझेदारहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ ।

११३. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउदै लगिनेछ । नगरपालिका तथा अन्तर्गतका कर्मचारी तथा जनप्रतिनिधिहरुको सामुहिक दुर्घटना बीमा गरिनेछ।

११४. प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयन एवं नगरपालिकाको समग्र कार्य सम्पादनलाई प्रभावकारी बनाउन नियमित रुपमा समीक्षा गरी देखिएका समस्याहरुको तत्काल समाधान/सम्बोधन गरिनेछ ।

**नगरसभा सदस्यहरु,**

११५. माथि उल्लेखित नीति तथा कार्यनीतिको कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यक्रम र बजेट सम्बन्धी विवरण सहितको प्रस्ताव नगरसभाको यसै अधिवेशनको आगामी बैठकमा पेश हुने व्यहोरा जानकारी गराउदै नगरपालिकाको दीर्घकालीन सोच हासिल गर्न नीति, कार्यनीति, कार्यक्रम तथा बजेटको पूर्ण कार्यान्वयनमा जुट्न सम्पूर्ण सरोकारवालाहरुलाई अनुरोध गर्दछु ।

११६. यस गरिमामय सभामा प्रस्तावित आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यनीतिको कार्यान्वयन पश्चात् नगरपालिकाको समग्र पक्षमा सुधार भई **कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर** निर्माण मार्फत नेपाल सरकारले लिएको राष्ट्रिय दीर्घकालीन सोच "**समृद्ध नेपाल, सुखी नेपाली**" पुरा गर्न योगदान पुर्याउने र नागरिकको जीवनस्तरमा सुधार हुने विश्वास लिएको छु।

११७. प्रस्तावित नीति तथा कार्यक्रम प्रति सभाको पूर्ण समर्थन रहनेछ; सहमति, सहकार्य सहितको सामुहिक योगदानबाट प्रस्तावित नीति तथा कार्यनीतिको कार्यान्वयन मार्फत यसमा अन्तरनिहित उद्देश्य प्राप्त गर्न सफल हुनेछौं भन्ने विश्वास लिएको छु ।

**अन्त्यमा,**

११८. बिभिन्न भूमिकामा रही टोखा नगरपालिकाको विकास र समृद्धिको लागि निरन्तर सहयोग पुऱ्याउने सरोकारवाला सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद** !

प्रकाश अधिकारी
प्रमुख

२०८२ असार ५, विहीवार
ने.सं. ११४५,तछलागा, अष्टमी